# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०७९।८०
च. नं. १६६६

मिति:- २०८०।०२।२१

श्री सरोकारवालाहरु सबै।

विषय: कार्यक्रम तथा योजना फरफारक गर्ने सम्वन्धमा।

उपरोक्त विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भएता पनि असार महिनामा अत्यधिक कामको चाप बढ्ने हुदा सुत्र सफ्टवयरमा समस्या आउने, बर्षातका कारण बेलाबेला विद्युतमा समस्या आउने, नेट-इन्टरनेट/सर्भरमा समस्या आइ विद्युतिय भुक्तानी प्रणाली (EFT) बाट भुक्तानी गर्दा कुनै सेवाग्राहीको खातामा समयमै रकम पोष्टिङ्ग हुन नसक्ने र Server error का कारण पुन: भुक्तानी गर्नुपर्ने लगायतका अन्य समस्याहरू हुने भएकाले चालु आ.व. २०७९।८० मा यस कार्यालयसंग सम्झौता भई संचालनमा रहेका योजना तथा कार्यक्रमहरु असार १५ गते भित्रै सम्पन्न गरी असार २० गते भित्र यस कार्यालयमा आवश्यक कागजात पेश गर्न हुन जानकारी गराइन्छ। साथै उक्त तोकिएको समय सीमा भित्र पेश नभई भुक्तानी हुन नसकेको खण्डमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत अवगत गराइन्छ।

२०८०।२।२१
रामचन्द्र धामी
लेखापाल

२०८०।०२।२१
रमेश बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत



CamScanner